# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी,कैलाली,७ नं. प्रदेश,नेपाल

आ.ले.प.०७६।०७७
च.नं.

**विषय : चौखेरीताललाई ठेक्कामा दिने सम्बन्धि सूचना । प्रथम पटक प्रकाशित मिति:२०७६।४।२२**

धनगढी उपमहानगरपालिका वडा न. ९ मा रहेको चौखेरी ताललाई ठेक्कामा दिई आन्तरिक आयमा अभिबृद्धि गर्ने सोचका साथ स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ बमोजिम स्थानीय पर्यटन र मनोरन्जन प्रवर्द्धन गर्ने उद्येश्यको साथ उक्त तालमा वा परिषरमा रेष्टुरेन्ट,चमेनागृह,गार्डेन निर्माण,फुटपाथ निर्माण र माछापालन जस्ता कार्य गर्न पाउने गरी ५ बर्षका लागि न्युनतम रू ५०००००। ठेक्का अंक कायम गरी उत्त ताल ठेक्कामा लिन ईच्छुक फर्म वा संघ संस्थाको जानकारीको लागि यो १५ दिने सिलबन्दि आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलका शर्तहरू:

१। ठेक्का प्रथम पटक ५ बर्षका लागि ठेक्काको सम्झौता गरिने छ । कार्यसम्पादन सन्तोषजनक देखिएमा नगर कार्यपालिकाको निर्णय अनुसार ठेक्का सम्झौता नविकरण गर्न सकिनेछ ।
२। तोकिएको स्थानको सीमा रेखाभन्दा बाहिर गई उत्त तालमा कुनै पनि कार्य गर्न पाईने छैन,तोकिएको सीमाभन्दा बाहिर गई कार्य गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सकिने छ ।
३। दरभाउपत्र मिति २०७६।५।४ गते कार्यालय समयभित्र राजश्व शाखाबाट प्रति बोलपत्र रू १०००। का दरले फिर्ता नहुने गरी खरीद गर्न सकिने छ र दरभाउपत्र मिति २०७६।५।५ गते दिनको १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ । दरभाउपत्र मिति २०७६।५।५ गते दिनको २:०० वजे खोलिने हुंदा सो समयमा दरभाउपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ,उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
४। सिलबन्दि दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ ।
५। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७०३०३००७१०२ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्ने छ ।
६। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।
७। ठेक्का स्वीकृत भएपछि ठेक्का रकमलाई ३ किस्ता गरिनेछ र प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्नेछ । वाकी किस्ताको रकम सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ ।
८। दरभाउपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
९। यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको र म्याद नाघी आएको दरभाउपत्र माथी कुनै कारवाही हुने छैन ।
१०। कुनैपनि अवस्थामा राजश्व छुटको लागि हक दावि गर्न पाईने छैन ।
११। दरभाउपत्रले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।
१२। उक्त सूचना यस कार्यालयको सूचना पाटी र वेभसाईट www.dhangadhimun.gov.np मा राखिएको छ । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र राजश्व शाखाको फोन न. ०९१५२१३२९ मा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत